स्थानीय राजपत्र

**सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ९, संख्याः १२ चैत्र २० गते,२०८२ साल**

# भाग-२

## सरुमारानी गाउँपालिका, प्यूठान

## छोरी पेवा वचत कोष संचालन कार्यविधि, २०७५ (प्रथम संशोधन, २०८२)

गाउँकार्यपालिकाबाट प्रथम संशोधन स्वीकृत मितिः२०८२।१२।१९

प्रमाणिकरण मितिः२०८२।१२।२०

**<u>प्रस्तावनाः</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस सरुमारानी गाउँपालिकामा सदिऔंदेखि चल्दै आएको पितृसत्ताको कारण सामाजिक रुपमा पछि पारिएका, अर्थ एवं सम्पत्तीको निर्णायक पहुँचबाट टाढा रहेका र निजहरुलाई हेर्ने सामाजिक एवं पारिवारीक दृष्टिकोण समेत सकारात्मक नपाईएकोले यसमा सकारात्मक सामाजिक परिवर्तन ल्याउने उद्देश्यले यस गाउँपालिकामा बसोबास गर्ने नागरिकबाट जन्म लिने सबै चेलिहरु(वालिकाहरु)को नाममा एक/एक सुरक्षा कोष स्थापना र सञ्चालन गर्न उपयुक्त हुनुका साथै वाल विवाहलाई निरुत्साहित गर्न यो कार्यविधि तयार गरिएको छ।

### <u>परिच्छेद १</u>

### <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सरुमारानी छोरी पेवा बचत कोष सञ्चालन कार्यविधि, २०७५ (प्रथम संशोधन, २०८२) "रहेकोछ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाको बैठकवाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "अनुगमन समिति" भन्नाले गाउँपालिकाले गठन गर्ने दफा ५ बमाजिमको समिति सम्झनुपर्छ।

(ख) “सिफारिस” भन्नाले जननिर्वाचित सम्बन्धित वडाको वडाअध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनुपर्छ।

(ग) “गाउँपालिका” भन्नाले सरुमारानी गाउँपालिका सम्झनुपर्छ ।

(घ) “सहकारी संस्था” भन्नाले यस गाउँपालिकाको क्षेत्रभित्र कार्यालय रहेका विधिवत दर्ता भएका सहकारी संस्था सम्झनुपर्छ।

(ङ) “बालिका” भन्नाले सम्वत २०७५ श्रावण पछि जन्म लिएको, १० बर्ष उमेर नपुगेको, निजको बाबु आमा यसै गाउँपालिकाको स्थायी बासिन्दा भएको छोरी सम्झनु पर्छ ।

## परिच्छेद २

## रकम व्यवस्थापन र भुक्तानी

**२. रकम व्यवस्थापनः**

गाउँपलिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको ब्यवस्थापन गर्ने छ ।

तर,

वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम वर्ष समाप्ती नहुदै भुक्तानी गर्दा रकम नपुग भएमा अन्य शिर्षकमा विनियोजन भएको बचत हुने रकमबाट यो शिर्षकमा रकमान्तर गर्न गाउँ कार्यपालिकालाई वाधा पर्ने छैन् ।

**३.भुक्तानी प्रकृयाः**

यस गाउँपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकबाट सम्वत् २०७५ श्रावण महिना पछि जायजन्म भएका बालिकाहरुले मात्र खर्च गर्न पाउने गरी निम्नानुसार गाउँपालिकाबाट रकम निकासा एवं भुक्तानी दिईने छ।

(क) यस गाउँपालिकामा स्थायी वासिन्दा भएका नेपाली नागरिकबाट जायजन्म भएका बालिकाका बाबु वा आमाले निजको जन्म दर्ता प्रमाण पत्र, आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पत्र संलग्न राखि गाउँपालिकाको कार्यालयमा निवेदन दिनेछन्।

(ख) उपदफा (क) बमोजिम प्राप्त निवेदनहरु बमोजिम गाउँ कार्यपालिकाको सिफारिस र संरक्षकत्वमा तोकिएको सहकारी संस्थामा बालिकाको नाममा नाबालिका बचत खाता खोलिने छ।

(ग) उपदफा (ख) बमोजिम खोलिएको नाबालिका बचत खातामा गाउँपालिकाले सरुमारानी छोरी पेवा बचत कोषमा विनियोजन गरेको रकमबाट मासिक रुपमा बालिका १० (दश) बर्षकी नहुँदासम्म

बालिकाको खातामा रु. **५००।— (अक्षेरुपीपा चँ सय रुपैयाँ मात्र**) का दरले रकम जम्मा गरिदिने छ।

(घ) बालिका १० वर्षकी भएपछि बालिग नभए सम्म निजका **बाबु आमाले मासिक कम्तिमा ५००/- (पाँच सय रैया) रकम निजको खातामा जम्मा** गरिदिई बचत प्रकृयालाई निरन्तरता दिनेछन् ।

(ङ) बालिका बालिग (निजको उमेर १८ वर्ष) भए पछि बचत भएको रकम निजको निजी निर्णयबाट खर्च वा थप गर्न स्वतन्त्र हुनेछिन् र निजले २० बर्ष नहुँदा सम्मविवाह गर्न पाउने छैनिन् ।

तर,

बालिका बालिग नहुदै निजको पारिवारीक आर्थिक समस्याका कारण निजको पढाई एवं व्यक्तित्व विकासमा बाधा परेको र सो रकम खर्च गर्दा मात्र समस्या हल हुने अवस्था आएमा गाउँ कार्यपालिकाको अनुमति लिएर बचत रकम खर्च गर्न बाधा पर्ने छैन ।

(च) यदि कुनै वालिकाले २० वर्ष नपुग्दै विवाह गरेमा निजको वचत खातामा जम्मा भएको रकम वडा कार्यालयको सिफारिस पत्रका आधारमा गाउँ कार्यपालिकाले निजलाई उक्त रकम नदिने निर्णय गर्न सक्नेछ **।तर निजको अभिभावकले जम्मा गरिदिएको वचत रकम र ब्याज रकम भने उपलब्ध गराईनेछ ।**

**छ) सरुमारानी छोरी पेवा बचत कोष सञ्चालनको लागि छोरीहरुको नाममा स्थानीय सहकारी संस्थाहरुमा बचत खाता खोल्ने ब्यबस्था गरिनेछ ।**

## परिच्छेद ३
## समितिहरुको गठन

**४.रकम उपलब्ध गराउने तथा अभिलेख राख्ने समितीः**

दफा (४) वमोजिमको सरुमारानी छोरी पेवा वचत कोष अनुदान कार्यक्रमको कार्यान्वयन गराउन पहलकदमी लिन, रकमको व्यवस्थापन गर्न, रकम निकासा एवं भुक्तानी दिन र अभिलेख दुरुस्त राखि लेखापरिक्षण समेत गर्न गराउन देहाय वमोजिम समिति हुनेछ। यस समितिको वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ।

(क) गाउँपालिकाको अध्यक्ष—अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत—सदस्य
(ग) लेखा प्रमुख—सदस्य

**५. अनुगमन समितिः**

यस कार्यविधिमा उल्लेखित सबै प्रावधानहरु ठिक तरिकाले कार्यान्वयन भए नभएको रेखदेख गर्न, सम्वन्धित पक्षलाई सुझाव दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय वमोजिमको अनुगमन समिति रहने छ । यस समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष —संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक —सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत —सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य संयोजक —सदस्य

(ङ) गाउँपालिकाको कानूनी सल्लाहकार —सदस्य

(च) गाउँपालिकाको महिला विकास शाखा प्रमुख —सदस्य सचिव

## परिच्छेद ४
## विविध

### ६. कारवाही हुनेः

यस कार्यविधि विपरित कार्य गर्ने गराउने कुनै पनि व्यक्ती समुह वा यसै कार्यविधि वमोजीम गठित समिती, समितीका पदाधिकारी वा सदस्य हरुलाई समेत प्रचलित कानून वमोजिम कारवाही हुनेछ। गलत प्रमाण पेश गरि रकम भुक्तानी लिएको प्रमाणीत भएमा उपलब्ध गराइएको रकम फिर्ता गरिनेछ साथै त्यस्ता गलत कार्य गर्ने व्यक्ती वा समुहलाई कालो सूचिमा राखी आगामी दिनमा त्यस्ताव्यक्तीलाई कुनै पनि सेवा उपलब्ध गराईने छैन।

### ७. बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

.............................

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८२।१२।२०